# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

# बाणिज्य बैंकका सहायक कम्पनीलाई धितोपत्र सदस्य दलाल व्यवसायी अनुमतिपत्रका लागि सिफारिस कार्यविधि, २०७६

**प्रस्तावना**

नेपालको पुंजीबजारको बिस्तार तथा लगानीकर्ताहरुको पहुँचमा अभिवृद्धि गर्न बाणिज्य बैंकका सहायक कम्पनी मार्फत धितोपत्र खरिद बिक्री गर्न पाउने गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) ले नेपाल धितोपत्र बोर्ड (बोर्ड) मा अनुमतिपत्रका लागि सिफारिस गर्ने प्रयोजनार्थ धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम ३ (१) को प्रयोजनको लागि नेप्सको सञ्चालक समितिले मिति २०७६।०४।१६ बाट लागू हुने गरी यो कार्यविधि जारी गरेको छ ।

१. धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ बमोजिम धितोपत्रको सदस्य दलाल व्यवसायी अनुमतिपत्रका लागि आवेदन दिने बाणिज्य बैंकका सहायक कम्पनीहरुले देहाय बमोजिम मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

१.१ प्रचलित कानुन बमोजिम स्थापित भएका बाणिज्य बैंकको शत प्रतिशत लगानी भएको सहायक कम्पनी हुनुपर्ने,

१.२ न्यूनतम चुक्ता पुंजी रु. २,००,००,०००।- (दुई करोड रुपैया) हुनुपर्नेछ ।

१.३ नेपाल राष्ट्र बैंकबाट धितोपत्र व्यवसाय गर्नका लागि वाणिज्य बैंकले सहायक कम्पनी मार्फत धितोपत्र व्यवसाय सञ्चालन गर्ने स्वीकृती लिएको हुनुपर्ने,

१.४ कर चुक्ता प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने ।

उपर्युक्तानुसार बाहेक अन्य मापदण्ड तथा व्यवस्थाहरु ऐन, नियम तथा विनियमावलीमा उल्लेख/संसोधन भए बमोजिम हुने छ ।

२. अनुमतिपत्र लिनका लागि सिफारिस गर्न नेप्सेले प्रथम पटक देहाय बमोजिमको सूचना प्रकाशित गर्ने छ । सिफारिसका लागि पुनः सूचना प्रकाशित गर्नु पर्ने छैन । इच्छुक बाणिज्य बैंकका सहायक कम्पनीले यस कार्यविधिमा उल्लेखित मापदण्डको अधिनमा रहि सिफारिसका लागि जुनसुकै बखत नेप्सेमा निवेदन दिन सक्ने छन् ।

(प्रथमपटक प्रकाशित मिति ..................)

**बाणिज्य बैंकका सहायक कम्पनीले धितोपत्र खरिद बिक्री गर्ने अनुमतिपत्रका लागि निवेदन दिने बारेको सुचना ।**

बाणिज्य बैंकका सहायक कम्पनीलाई धितोपत्र सदस्य दलाल व्यवसायी अनुमतिपत्रका लागि सिफारिस कार्यविधि, २०७६ बमोजिम तोकिएका मापदण्डहरु पुरा भएका बाणिज्य बैंकका सहायक कम्पनीहरुलाई यस लि.ले नेपाल धितोपत्र बार्डमा धितोपत्र खरिद बिक्री गर्न पाउने गरी अनुमतिपत्रका लागि सिफारिस गरिने हुनाले इच्छुक कम्पनीहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रु.५,०००।- (पाँच हजार रुपैयाँ मात्र) निवेदन दस्तुर नेप्सेको ग्लोबल आइएमई बैंक कमलादीको खाता नं. ७५०१०१००००७७५ मा जम्मा गरी उक्त भौचर सहित देहाय बमोजिम उल्लेख गरिएको ठेगानामा उक्त कार्यविधिमा उल्लेखित ढाँचामा निवेदन दिनहुन अनुरोध गरिन्छ ।

*नोट : उक्त कार्यविधि नेप्सेको वेवसाइट www.nepalstock.com बाट डाउनलोड गर्न सकिनेछ ।*

<u>सम्पर्क ठेगाना:</u>

नेपाल स्टक एक्सचञ्ज लिमिटेड

सुपरिवेक्षण शाखा

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल ।

सम्पर्क नं. ४२५०७५५/५९, फ्याक्स :४२६२५३८

E-mail: info@nepalstock.com

३. धितोपत्र दलालको कार्य गर्न इच्छुक वाणिज्य बैंकहरुले तोकिएका कागजात सहित नेप्सेमा देहाय बमोजिमको निवेदन दिनु पर्ने छ ।

मितिः .........................

श्री नेपाल स्टक एक्सचेञ्ज लि.

............................ ।

<u>बिषयः अनुमतिपत्रका लागि सिफारिस पाऊँ ।</u>

प्रचलित धितोपत्र सम्बन्धी ऐन र सो अन्तर्गत बनेको नियमावली, विनियमावली, निर्देशिका तथा अन्य नेपाल कानूनको अधीनमा रही धितोपत्र व्यवसायी (सदस्य दलाल) को रुपमा धितोपत्र व्यवसाय गर्ने इच्छा भएकोले नेपाल धितोपत्र बोर्डबाट धितोपत्र व्यवसायीको अनुमतिपत्र लिनका लागि सिफारिस पत्र पाउन तोकिएको दस्तुर तथा विवरण संलग्न गरी यो निवेदन पेश गरेका छौं । यहाँ पेश गरेका कागजात तथा उल्लेखित विवरण सत्य तथ्य र औचित्यपूर्ण छन् । कुनै पनि विवरण

जानीजानी लुकाएको वा बढाई चढाई गरी प्रस्तुत गरेको छैन । कुनै विवरण लुकाएको वा गलत कागजात वा विवरण पेश गरेको ठहरेमा कानुन बमोजिम सहुँला बुझाउँला ।

संचालक तथा कार्यकारी प्रमुखः

नाम :

दस्तखतः

निवेदक कम्पनीः

नाम : ......................... ठेगानाः .......................... प्रदेश ...............................जिल्ला ................................... म.न.पा./न.पा/गाँउपालिका टोल.......................वडा नं........ब्लक नं........ फोन नंः.................

फ्याक्सः.................इमेल ..........

कम्पनीको छापः

४. यसरी निवेदन प्राप्त भए पश्चात नेप्सेले आवश्यक प्रकृया पुरा गरी धितोपत्र दलालको कारोवार गर्ने इजाजतको लागि बोर्डमा सिफारिस गर्ने छ ।

५. अनुमतिपत्र सिफारिसका लागि निवेदक कम्पनीले रु.५,०००।- (पाँच हजार रुपैयाँमात्र) निवेदन दस्तुर बापत बुझाउनु पर्ने छ ।

६. अनुमतिपत्र लिनका लागि सिफारिसका आधारहरु :

६.१ बाणिज्य बैंकहरु निश्चित संख्यामा भएकोले सोही संख्या बराबर बोर्डमा बाणिज्य बैंकका सहायक कम्पनीहरु धितोपत्र व्यवसायीको लागि सिफारिस गर्ने,

६.२ दफा ६.१ बमोजिम बाणिज्य बैंकका सहायक कम्पनीले धितोपत्र दलाल व्यवसाय गर्ने अनुमतिपत्र लिनका लागि सिफारिस गर्दा निवेदन दर्ताको आधारमा सिफारिस गरिनेछ ।

६.३ तोकिए बमोजिमका कागजात तथा विवरण पेश नगरेमा वाणिज्य बैंकका सहायक कम्पनीले धितोपत्र दलाल व्यवसायी अनुमतिपत्र लिनका लागि नेप्सेले सिफारिसपत्र प्रदान गर्न अस्वीकार गर्न सक्नेछ ।

७. यस कार्यविधि बमोजिम प्रकृया पुरा गरेका कम्पनीहरुलाई नेप्से सञ्चालक समितिले धितोपत्र बोर्डमा धितोपत्र व्यवसाय गर्न अनुमतिपत्र लिनका लागि सिफारिस गर्नेछ ।

८. दफा ७ बमोजिम धितोपत्र दलाल व्यवसायी अनुमतिपत्र लिनका लागि देहाय बमोजिमको ढाँचामा नेप्सेले बोर्डमा सिफारिस गर्ने छ ।

मितिः .............

श्री नेपाल धितोपत्र बोर्ड नेपाल

जावलाखेल, ललितपुर ।

बिषयः धितोपत्र दलाल व्यवसायीको अनुमतिपत्रका लागि सिफारिस गरिएको सम्बन्धमा ।

उपरोक्त बिषयमा यस नेपाल स्टक एक्सचेञ्ज लि. मा धितोपत्र दलाल व्यवसायीको कारोवार गर्न इच्छुक भई *बाणिज्य बैंकका सहायक कम्पनीलाई धितोपत्र सदस्य दलाल व्यवसायी अनुमतिपत्रका लागि सिफारिस कार्यविधि, २०७६* बमोजिम मापदण्ड पुरा गरी निवेदन दिनु भएको श्री ........... लाई धितोपत्र दलाल व्यवसायीको कारोवार गर्नका लागि अनुमतिपत्र प्रदान गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

बोधार्थ :

श्री ...........

(प्रमुख कार्यकारी अधिकृत)

***